का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ असोज २०७९,
शनिबार
15 October 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २४४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# माछापुच्छ्रेको काखमा महामेला

देशको सवैभन्दा ठूलो खेलकुद प्रतियोगिता नवौं राष्ट्रिय खेलकुद पोखरामा शुक्रबारबाट शुरु भएको छ । यो प्रतियोगिताले आन्तरिक प्रतिश्पर्धासँगै अन्तर्राष्ट्रिय खेलाडी चयनको आधार समेत निर्माण हुनेछ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
पोखरा, २८ असोज

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको गण्डकी प्रदेशमा औपचारिक रुपमा शुरु भएको छ । आगामी ३ गतेसम्म चल्ने प्रतियोगिताको उपराष्ट्रपति नन्दबहादुर पुनले उद्घाटन गरेका हुन् । 'एकताबद्ध देश, खेलकुदको सन्देश' भन्ने नाराको साथ आयोजना भएको नवौंको उपराष्ट्रपति पुनले उद्घाटन गरे । यस्तै गण्डकी प्रदेशका ओलम्पियन टिका बहादुर बोगटीले ओलम्पिक फ्लेम प्रज्वलन गरे । युवा तथा खेलकुद मन्त्री महेश्वर जंग गहतराजले झण्डात्तोलन गरे । उद्घाटनको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले पठाएको शुभकामना सन्देश वाचन गरिएको थियो ।

सो अवसरमा मार्चपाससहित विभिन्न सांस्कृतिक कार्यक्रम गरिएको थियो । उद्घाटन समारोहमा सातवटै प्रदेशका टिम, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट मार्चपास गरिएको थियो । मार्चपासमा नवौं




राष्ट्रिय खेलकुदका लागि तयार गरिएको गण्डकी प्रदेशमा पाइने कस्तुरी मृगको मस्कट सहभागी छ । यस क्रममा विभिन्न जातजातिका सांस्कृति झाँकी प्रस्तुत गरिएको छ । रंगशालाका प्यारापिटमा खेलकुद प्रेमीको उल्लेख्य उपस्थिति थियो ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव घिसिङले स्वागत गर्दै नेपाली खेलकुदको इतिहासमा यसको महत्वपूर्ण स्थान रहने बताए । कूल ३६ वटा खेल र दुई प्रदर्शनीसहित ३८ खेल समावेश भएको प्रतियोगितामा सात प्रदेश, तीन विभागीय र एनआरएन गरी ११ टोली सहभागी छन् । कूल छ हजार एक सय ५७ खेलाडीले प्रतिस्पर्धामा भाग लिने जनाइएको छ ।

प्रतियोगितामा करिब एक हजार तीन पदकका लागि प्रतिस्पर्धा हुन लागेको हो । विसं २०३८ देखि सुरु नेपाली राष्ट्रिय खेलकुदको इतिहासमा विसं २०४० मा दोस्रो संस्करणको राष्ट्रिय खेलकुद गर्ने अवसर पाएको पोखरालाई ३९ वर्षपछि नवौं राष्ट्रिय खेलकुद घरेलु मैदानमा गर्ने मौका मिलेको हो ।

छत्तीस खेलमध्येका २६ खेल पोखरामा र अन्य गण्डकीका सात जिल्लामा भइरहेको छ । गण्डकीका लमजुङ, मनाङ र मुस्ताङ बाहेकका सबै जिल्लामा नवौं राष्ट्रिय खेलकुदका खेल सञ्चालन भएका छन् ।

उद्घाटनकै अवसरमा निर्णयकका तर्फबाट भलिबलका रेफ्री पहलसिंह थापा र खेलाडीका तर्फबाट प्याराग्लाइडिङका सुशील गुरुङले प्रतियोगितामा समावेश सम्पूर्ण खेलमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय नियमअनुसार खेल्ने तथा खेलाउने प्रतिबद्धतासहित सपथ लिएका थिए ।

माधव नेपालको लक्ष्य

# बढाउने, तर नघट्ने

नेकपा एमालेबाट अलग भएर गठन भएको नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आगामी चुनावबाट पनि आफ्नो राजनीतिक हैसियत अहिले भन्दा कमजोर नबनाउने लक्ष्य लिएको देखिन्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ असोज ।

आफैले गठन गर्दै अगाडि बढाएको पार्टी नेकपा एमाले छोडेर गएको वर्ष माधवकुमार नेपालले नेकपा एकीकृत समाजवादी गठन गरेका थिए । २०३२ सालमा अखिल नेपाल कोर्डिनेसन केन्द्र (कोके) गठन हुँदा माधव नेपाल संस्थापक नेता थिए । सीपी मैनालीलाई सचिव बनाएर गठन भएको कोकेका आठ मध्ये माधव नेपाल वरिष्ठ सदस्य थिए ।

अहिले उक्त कोके कालका तीन नेता उनीसँगै छन् । त्यसबेला कोक बनाउनका नेपालसँगै झलनाथ खनाल र मुकुन्द न्यौपाने थिए । अर्का सदस्य अमृत बोहोराले सक्रिय राजनीतिबाट विदा लिएका छन् । बाँकी नेताहरु मध्ये सीपी मैनाली आफ्नै नेतृत्वको नेकपा मालेमा छन् भने आरके मैनाली सक्रिय राजनीतिमा देखिदैनन् ।

आफैले गठन गरेको कोकेलाई २०३५ र २०४६ मा एमाले बनाएका थिए । विभिन्न समूहसँग एकता गरेर माले र मार्क्सवादीसँग एकता गरेर एमाले बनाएका थिए । तिनै एमालेले २०५१, २०६६, २०६८, २०७२ र २०७४ मा सरकारकै नेतृत्व गरेको थियो ।

तर एमालेमा केपी शर्मा ओली नेतृत्वमा पुगेपछि २०७४ मा प्रधानमन्त्री भए । प्रधानमन्त्री हुँदै प्रतिनिधिसभा विघटन गरेपछि एमालेबाट माधव नेपाल अलग भए । त्यसबेला



हामी पहिले भन्दा ठूलो दल हुन्छौं । उद्देश्य तेस्रो दल हुने नै हो ।

■ **जगनाथ खतिवडा**
**प्रवक्ता, एकीकृत समाजवादी**

२३ प्रतिनिधिसभा सदस्य, आठ राष्ट्रियसभा सदस्य र ५३ प्रदेशसभा सदस्य लिएर माधव नेपालले अलग पार्टी गठन गरे । आगामी चुनावमा प्रदेशसभामा भने पहिलेको जत्रो पार्टी नरहने भएको छ । किनकि सत्तारुढ गठबन्धनमा साझा उम्मेद्वारी तयार पार्ने क्रममा एकीकृत समाजवादीले प्रदेशसभा सदस्य जम्मा ३५ जना मात्रै उठाएका छन् ।

त्यसैले प्रदेशसभामा एकीकृत समाजवादी गठन हुँदा भन्दा सोना हुनेछ । राष्ट्रियसभामा आफ्नो आकारमा कायमै छ । तर संघीय सरकार गठनका निम्ति महत्वपूर्ण रहेको प्रतिनिधिसभातिर माधव नेपालको ध्यान गएको देखिन्छ । किनकि पार्टी गठन हुँदै गर्दा माधव नेपालसँग प्रत्यक्ष निर्वाचित सांसद संख्या १४ जना थिए । अहिले १९ जना उम्मेद्वार बनाए ।

त्यसमध्ये रुपन्देही-३ मा उम्मेद्वार बनेका राजु गुरुङको उम्मेद्वारी निर्वाचन आयोगले खारेज गरेको छ । बाँकी मध्ये बढी भन्दा बढी उम्मेद्वार जिताउने माधव नेपालको लक्ष्य देखिन्छ । त्यसमा समानुपातिक सिट संख्या जोडेर कम्तिमा पनि अहिलेकै दलको हैसियतमा रहने माधव नेपालको उद्देश्य देखिन्छ । यदि त्यसो हुन नसक्दा पनि अहिलेको भन्दा नघटाउने लक्ष्य लिएको लिएको नेताहरु बताउँछन् । 'हामी पहिले भन्दा ठूलो दल हुन्छौं । उद्देश्य तेस्रो दल हुने नै हो', प्रवक्ता जगनाथ खतिवडा भन्छन् ।

# समानुपातिक उम्मेदवारहरुविरुद्ध १९ उजुरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असोज ।

निर्वाचन आयोगमा समानुपातिक उम्मेदवारहरुविरुद्ध १९ दाबी/विरोध र उजुरी परेको छ । राजनीतिक दलहरुले निर्वाचन आयोगमा बुझाएको समानुपातिक तर्फको बन्दसूचीमा रहेका उम्मेदवारहरुउपर निर्वाचन आयोगमा १९ वटा उजुरी परेको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार प्राप्त उजुरीउपवर आयोगले अध्ययन गरिरहेको छ ।

यसअघि राजनीतिक दलहरुले असोज २ र ३ गते आयोगमा समानुपातिकतर्फको बन्दसूची




बुझाएका थिए । उक्त बन्दसूचीमा हेरफेर गर्न आयोगले दलहरुलाई असोज १६ गतेसम्मको समय दिएको थियो ।

दलहरुका तर्फबाट नाम हेरफेर गर्न दिने लगायतका कार्य सकाएपछि आयोगले दाबी विरोध र उजुरीका लागि खुला गरेको थियो । दलहरुका तर्फबाट पेश भएको र संशोधन भई दलहरुका तर्फबाट फाइनल भएको उम्मेदवारहरु उपर आयोगले दाबी, विरोध र उजुरी लिएको हो ।

प्राप्त उजुरीहरुको अध्ययन/जाँचबुझ गरेर कात्तिक ९ गते समानुपातिकतर्फको अन्तिम नामावली प्रकाशन गर्ने आयोगले जनाएको छ ।

वैदेशिक रोजगार विशेष

# काम गर्न सक्ने जनशक्ति विदेशिन बाध्य : अध्यक्ष गोल्छा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असोज

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले राज्यका तर्फबाट विकासको सही मोडल बनाउन नसक्दा देशको अर्थतन्त्र रेमिट्यान्समा आधारित हुन पुगेको बताएका छन् ।

शुक्रबार राजधानीमा आयोजित दीगो आर्थिक विकास सम्बन्धी राष्ट्रिय सम्मेलनमा गोल्छाले विकासका लागि आवश्यक जोश जाँगर भएका युवायुवती रोजगारीका लागि विदेश जाँदा देशमा काम गर्न सक्ने आवश्यक दक्ष जनशक्ति कम हुँदै गएको बताए ।

'राज्यका तर्फबाट विकासको मोडल बनाउन नसक्दा काम गर्न सक्ने जनशक्ति विदेशिन बाध्य हुनुपरेको हो,' अध्यक्ष गोल्छाले भने, 'लामो समयसम्म स्वदेशमा रोजगारी सिर्जना गर्न नसक्नु बिडम्बनापूर्ण छ ।'

नेपालको आगामी मुल ऐजेण्डा आर्थिक समृद्धि भएकाले सरकारले सोही अनुरूपका पूर्वधार तयार गर्न लगानी गर्नुपर्ने बताए । महासंघ आर्थिक गतिविधि बढाएर देशमा नै युवायुवतीलाई रोजगारीका लागि औपचारिक क्षेत्रमा २० लाखलाई रोजगारी सिर्जना गर्ने भिजन पेपर तयार गरेको बताए ।

महासंघ अध्यक्ष गोल्छाले नेपाली अर्थतन्त्रको आधारस्तम्भका रुपमा रेमिट्यान्स रहेको र अहिलको अवस्थामा वैदेशिक रोजगार व्यवसायभित्रका समस्याहरु पहिचान तथा समाधान सकेसम्म छिटो गर्नुपर्ने बताउँदै आएका छन् ।

# निगरानीमा जनप्रतिनिधिका गतिविधि

अनुमति नलिई प्रचारमा हिँड्ने बहालवाला संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई रोक लगाउन सुरक्षा निकायका अधिकारीहरुलाई निर्वाचन आयोगको निर्देशन ।



संघीय सरकार र प्रदेश सरकारका मन्त्रिपरिषद सदस्यले आफू उम्मेदवार भएको बाहेक अन्यत्र निर्वाचन प्रचारप्रसारमा भाग लिन पाउँदैनन् । दलको प्रचारकको हैसियतले भाग लिनुपर्ने भए निर्वाचन आयोगबाट अनुमति लिनुपर्ने हुन्छ । अनुमति लिए पनि सरकारी स्रोत साधन उपयोग गर्न पाउने छैनन् ।

■ **दिनेश थपलिया**
**प्रमुख निर्वाचन आयुक्त**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २८ असोज ।

संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको गतिविधि निगरानीमा राखिने भएको छ । निर्वाचन आयोगका अधिकारीहरुका अनुसार अनुमति नलिई प्रचारमा हिँड्ने बहालवाला संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई रोक लगाउन सुरक्षा निकायका अधिकारीहरुलाई निर्देशन दिइएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया भन्छन्, 'आयोगले आफ्नो अनुमति नलिई चुनाव प्रचारमा जाने मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यलाई रोक लगाउन सुरक्षा अधिकारीलाई निर्देशन दिएको छ ।'

आचारसंहिता अनुसार संघीय सरकार र प्रदेश सरकारका मन्त्रिपरिषद् सदस्यले आफू उम्मेदवार भएको बाहेक अन्यत्र निर्वाचन प्रचारप्रसारमा भाग लिन पाउँदैनन् । दलको प्रचारकको हैसियतले भाग लिनुपर्ने भए निर्वाचन आयोगबाट अनुमति लिनुपर्ने हुन्छ । अनुमति लिए पनि उनीहरुले सरकारी स्रोत साधन उपयोग गर्न पाउने छैनन् ।

प्रमुख आयुक्त थपलियाका अनुसार आयोगको आचारसंहिता अनुगमन समितिको बैठकमा यसबारे छलफल भएको थियो । सोही छलफलका आधारमा आयोगले मन्त्री र जनप्रतिनिधिलाई आचारसंहिता उल्लंघन हुने गरी कार्यक्रममा रोक लगाउन सुरक्षा अधिकारीलाई निर्देशन दिएको हो ।

उनका अनुसार मन्त्री, मुख्यमन्त्री वा स्थानीय तहका जनप्रतिनिधि जो कोही भए पनि निर्वाचन आयोगको अनुमतिपत्र छ भनी सुरक्षा निकायले सोध्नेछ । आयोगको अनुमति छैन भने ससम्मान रोकिनेछ । नमाने नियन्त्रणमा लिएर आयोगलाई खबर गर्न निर्देश गरिएको छ । नियन्त्रणमा लिएपछि बाँकी प्रक्रिया आयोगले नै अघि बढाउने आयोगका अधिकारीहरुले भनेका छन् ।

आचारसंहिता विपरीत हुने भएकाले कार्यक्रममा सहभागी नहुन ध्यानाकर्षण गराउने र नमानेमा तत्काल खबर गर्न आयोगले चितवनका सुरक्षा अधिकारीलाई निर्देशन दिएको थियो ।

# थापाथलीका अनधिकृत संरचनामा डोजर




**काठमाडौं/मस–** काठमाडौं महानगरपालिका-११ थापाथलीस्थित वाग्मती किनारका अनाधिकृत संरचना हटाउन थालिएको छ। नदीको बहाव क्षेत्रका सार्वजनिक जग्गामा अनधिकृतरुपमा संरचना बनाएर वाग्मती प्रदूषित बनाइएको भन्दै अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले धेरै वर्षअघिदेखि यी संरचना हटाउन खोजेको थियो ।

यी संरचना हटाउन उक्त समितिले गत माघ महिनामा पनि सूचना प्रकाशित गरी काम अघि बढाएको थियो । त्यसबेला विभिन्न समूहको दबाबमा काम रोकिएकामा अहिले काठमाडौं महानगरपालिकाको सहयोगमा ती अनधिकृत संरचना भत्काउन थालिएको समितिका सूचना अधिकारी कमल अर्यालले जानकारी दिए ।

त्यस क्षेत्रमा निर्माण भएको रुद्रेश्वर महादेव मन्दिरको पुजारी भवन, क्रियापुत्री भवन, ओम शान्ति भवनलगायत संरचना भत्काइएको छ। थापाथली क्षेत्रमा सुकुम्वासीका नाममा नदी किनारको सार्वजनिक जग्गा कब्जा गरेर बस्नेलाई भने राजनीतिक संरक्षणका आधारमा केही नगरिएको भन्दै त्यस क्षेत्रमा विरोध पनि भइरहेको छ। सुकुम्वासीका नाममा नदी किनारको जग्गा कब्जा गर्नेलाई पनि त्यहाँबाट हटाउन नदी सफाइ अभियानकर्मीले माग गरेका छन् ।

राजधानीमा सुकुम्वासीका नाममा नदी किनारका सार्वजनिक जग्गा कब्जा गर्नेले सबैभन्दा बढी नदी प्रदूषित बनाउँछन् । सुकुम्वासीलाई इचङ्गुनारायणमा आवासीय भवन निर्माण गरेको वर्षौं बिते पनि सर्न मानेका छैनन् । राजधानीको मुटुमा रहेको नदी किनारमै बस्न पाउनुपर्ने माग सुकुम्वासीका नाममा हुँदै आएको छ ।

# धनाढ्यहरुले जनताका समस्या कहिल्यै बुझ्दैनन्ः त्रिपाठी




**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २८ असोज

जनता प्रगतिशिल पार्टीका अध्यक्ष एवं पश्चिम नवलपरासी क्षेत्र नं १ बाट प्रतिनिधि सभा सदस्यमा उम्मेदवार हृदेश त्रिपाठीले निर्वाचनमा बाहिरी भूतप्रेत प्रवेश गरेको आरोप लगाएका छन् ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा उनले निर्वाचनमा उम्मेदवारी दिएपछि प्रेतहरुलाई भगाउनको लागि आफु पनि चुनावमा उम्मेदवारी गर्न बाध्य भएको बताए ।

उनले भने, 'म चुनाव लड्नेवाला थिइन तर नवलपरासीमा सँधै चुनाव लड्ने व्यक्ति किन डराएर भाग्ने भनेर चुनौति स्वीकार गर्दै मंसिर ४ गते हुने निर्वाचनमा नवलपरासीको क्षेत्रनं १ मा प्रतिनिधि सभा सदस्यमा उम्मेदवारी गर्न बाध्य भए ।'

नवलपरासीमा अहिले धेरै भूत प्रेतहरु बाहिरबाट आएर राजनीति गरेको र ती प्रेतहरुलाई यहाँका जनताहरुले छिट्टै लोहबान कपुर र अगरबत्ती जलाए लखेट्ने उनले बताए ।

नेपाल सरकारको राजश्व छली गरेका धनाढ्यहरुले जनताका समस्या कहिल्यै नबुझ्ने उनले बताए । किसानहरुले उत्पादन गरेको खाद्यान्नको मुल्य विचौलियाहरुको मुल्य निर्धारण गरेपछि प्रत्येक वर्ष किसानहरुले घाटामा गएको सुनिने उनले बताए ।' किसानहरुले उत्पादन गरेको खाद्यान्नको मुल्य किसानहरुले नै मुल्य निर्धारण गर्न पाउनुपर्छ' उनले भने ।

आफ्नो क्षेत्रका मतदाताहरु प्रति विश्वास रहेको भन्दै उनले यस पटक पनि आफुलाई नै मत दिने विश्वास व्यक्त गरे ।

उनले भने, 'फैसला गर्ने जनताको हातमा छ । लामो समयदेखि राजनीति गर्दै आएको व्यक्तिलाई विजयी बनाउने कि शेख राजा धनाढ्यलाई विजयी बनाउने भन्ने कुरा जनताको हातमा छ । यसले नेपालको समग्र राजनीतिमा ठूलो प्रभाव पार्ने छ ।'

# रुरुक्षेत्र गाउँपालिकाले घरमा पुगेर स्वास्थ्य सेवा दिने

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २८ असोज



गुल्मीको रुरुक्षेत्र गाउँपालिकाले प्रत्येक व्यक्तिको घरमा पुगेर हरेक व्यक्तिको स्वास्थ्य परीक्षण गर्ने भएको छ। शुक्रबार गाउँपालिका स्वास्थ्य शाखा रुरुक्षेत्र गाउँपालिकाद्वारा संचालन गरिने 'घर-घरमा स्वास्थ्य सेवा कार्यक्रम'को स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।


कार्तिक महिनादेखि स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका तथा जनप्रतिनिधिहरु रुरुक्षेत्र गाउँपालिकाका सबै घरधुरीमा गई स्वास्थ्य सम्बन्धी तथ्यांकहरु पालिकाद्वारा बनाइएको एप्लिकेसनमा संकलन गर्ने गाउँपालिका स्वास्थ्य शाखा प्रमुख छत्र अधिकारीले बताए ।

त्यस्तै मङ्सिर महिनादेखि स्वास्थ्यकर्मीहरुले प्रत्येक २/२ महिनामा गर्भवती, सुत्केरी, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुलाई घरघरमै गई स्वास्थ्य परीक्षण ( प्रेसर जांच, सुगर जाच, पिसाब जाच आदि ) गरी आवश्यक औषधि तथा परामर्श दिने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मधुकृष्ण पौड्यालले बताए ।

उनले घर-घरमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्नका लागि आवश्यक स्वास्थ्य उपकरण लगायतका सामाग्रीहरु स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण तालिममा वितरण गरिएको बताएका छन् ।

त्यस्तै गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले यस कार्यक्रमबाट गाउँपालिका भित्र कुन कुन प्रकारका रोग लागेका कति निरोगी कति भन्ने कुरा पत्ता लाग्ने भएकाले सबैले सहि डाटा उपलब्ध गराउने उनले आग्रह गरे ।

# 'व्यथित काव्य सम्मान' को घोषणा



**काठमाडौं/मस–** साहित्यिक पत्रकार संघले संस्थाको स्वर्ण महोत्सवको अवसर पारेर सात कविलाई 'व्यथित काव्य सम्मान' प्रदान गर्ने भएको छ । कविहरु उदय निरौला (२०७४), श्रवण मुकारुङ (२०७५), रमेश श्रेष्ठ (२०७६), कृसु क्षेत्री (२०७७), मोमिला जोशी (२०७८) र गीता कार्की (२०७९) 'व्यथित काव्य सम्मान'बाट समानित हुने संघद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यसैगरी संघले 'व्यथित काव्य डायसपोरा सम्मान'बाट कविहरु हेमन्त श्रेष्ठ (अमेरिका), गोवर्धन पूजा (अमेरिका), भीमसेन सापकोटा (अस्ट्रेलिया), प्रकाश पौडेल माइला (जापान), जगत नवोदित (बेलायत) र शकुन ज्ञवाली (अमेरिका) सम्मानित गर्ने जनाइएको छ । सो निर्णय वरिष्ठ कवि कृष्ण जोशीको संयोजनमा वरिष्ठ साहित्यकारहरु प्रमोद प्रधान र डा. दामोदर पुडासैनी सदस्य रहेको सिफारिस समितिको सिफारिसमा सस्थाका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको कार्यसमितिले निर्णय गरेको हो ।

'व्यथित काव्य सम्मान'बाट सम्मानित कवि उदय निरौलाका कोलाहल पिएर, जराहरु किमार्थ मर्दैनन, शीतको लहर, उदय निरौलाका प्रतिनिधि कविताहरु, अस्ताउदो घाम टेकेर कविता कृतिहरु प्रकाशित रहेका छन् । यस्तै कवि श्रवण मुकारुङका देश खोज्दै जादा, जीवनको लहर, बिसे नगर्चीको बयान, हिउँको दरबार, सुन रे सियाराम कविताकृतिहरु प्रकाशित रहेका छन् । यस्तै कवि रमेश श्रेष्ठका चराहरुको पहाड, आमा नदीहरु, बुद्ध बिम्ब अक्षर बिम्ब, घास उखेलिरहेकी केटी, रोदी रोएको देशमा, कविताको उज्यालो, अग्निनृत्य, चोक र तमसुक, नपोतिएका रंगहरु जस्ता कविता कृतिहरु प्रकाशित रहेका छन् । यस्तै कवि कृसु क्षेत्री बोधिसत्वको मृत्युउत्सव, चराको गीत, आगोको मूर्च्छना, रगतको दरबार, नीलोआसु, अर्द्धमुदित आखाहरु, माफ गर जस्ता कविता, गजल र गीतका कृतिहरु प्रकाशित रहेका छन् । यस्तै कवि मोमिला जोशीका पैयु फूल्न थालेपछि, नीलो-नीलो आकाश र दुई थोपा आसु, जूनकीरीहरु ओर्लिरहेछन, दुर्गम उचाइमा फूलको आधी, भीमसेन थापाको सुसाइड नोट, सेलेक्टेड पोइम्स जस्ता कविता कृतिहरु प्रकाशित रहेका छन् । यस्तै कवि गीता कार्कीका मलाई अध्यारो नै चाहिन्छ, सालका ठुटा र एक टुक्रा घाम र आमा किरणहरुको छालमा जस्ता कविताकृतिहरु प्रकाशित रहेका छन् ।

यसैगरी 'व्यथित काव्य डायसपोरा सम्मान'बाट सम्मानित कविहरु हेमन्त श्रेष्ठका देश भूआहरुको रोटी होइन, गीत म कसरी गाउँ कवि गोवर्धन पूजाका पीडा अवतार, वाचल ओठहरु, प्रेम अवतार, अनामनगरकी अम्बिका, धर्तीको धूलो, बिक्रीमा यो जिन्दगी कवि भीमसेन सापकोटाको प्रश्नमा ईश्वर कवि प्रकाश पौडेल माइलाका पर्दाफास, हजार हाइकु, राति साकुरा (हाइकुकृतिहरु) कवि जगत नवोदितका जीवन अनुभूति, काचो मुद्दा, अक्षय आकृति (मुक्तक) र कवि शकुन ज्ञवालीका आयुष, पालुवा, 'मन्जरी, तिमी र म', भन्दिनु है बा जस्ता कविताकृतिहरु प्रकाशित रहेका छन् ।

वि.स. २०३९ मा स्थापना गरिएको व्यथित काव्य पुरस्कार नेपाली साहित्य जगतमा प्रतिभाशाली कविलाई साहित्यिक पत्रकार संघबाट प्रदान गरिदै आइएको छ । यस पुरस्कारबाट यसअगि कविहरु दिनेश अधिकारी, जीवन आचार्य, घनश्याम कडेल, मेघराज मन्जुल, उषा शेरचन, गणेश विषम, तोया गुरुङ, प्रमोद प्रधान, पूर्ण विराम, विजय बजिमय, मन्जु काचुली, नरेन्द्रबहादुर श्रेष्ठ, कुन्ता शर्मा, बुद राना, नवराज कार्की, विश्वविमोहन श्रेष्ठ, कृष्ण बाउसे, दुबसु क्षेत्री, महेश प्रसाई, मोहन दुवाल, कृष्ण जोशी, डा. राममान तृषित, विमल निभा, नरेश शाक्य, मधुसुदन गिरी, अनिलकुमार अनल, वसन्त श्रेष्ठ, ज्ञानेन्द्र गदाल, बाबा बस्नेत, राजेन्द्र शलभ, धिरेन्द्र प्रेमर्षी, शशी थापा, डा. दामोदर पुडासैनी, सन्ध्या पहाडी र शेखर ढुंगेल सम्मानित भइसक्नु भएको छ ।


## नारायणी सेन्ट्रल हस्पिटल वीरगंज प्रा.लि. आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०६/२९ गते**

मधेश प्रदेश, पर्सा जिल्ला, वीरगंज महानगरपालिकामा नारायणी सेन्ट्रल हस्पिटल बीरगंज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **नारायणी सेन्ट्रल हस्पिटल वीरगंज प्रा.लि.**, वीरगंज महानगरपालिका वार्ड नं ३, पर्सा जिल्ला, मधेश प्रदेश, नेपाल, ईमेलः nchb@gmail.com, फोन नं.-९८५५०२०३५७ |
| **प्रस्तावको व्यहोरा** | वीरगंज महानगरपालिका वडा न. ३, बिर्ता स्थित नारायणी सेन्ट्रल हस्पिटल वीरगंज प्रा. लि. ले १०० शैया क्षमताको अस्पताल निर्माण गरी उच्च गुणस्तरीय परिक्षण विधिहरु, आधुनिक प्रविधि र उपकरणहरु जडित निदानात्मक र उपचारात्मक उपचार गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं ३ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न वीरगंज महानगरपालिका वडा नं. ३ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य-चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय–सुझावको लागि पत्राचार तथा सम्पर्क गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **नारायणी सेन्ट्रल हस्पिटल वीरगंज प्रा.लि.**, वीरगंज महानगरपालिका वार्ड नं ३, पर्सा जिल्ला, मधेश प्रदेश, नेपाल, ईमेलः nchb@gmail.com, फोन नं.-९८५५०२०३५७ |
| **परामर्शदाताको नाम र ठेगाना** | **सिर कन्सल्टेन्सी प्रा.लि.**, मध्यपुर थिमी नगरपालिका वडा नं.- ०३, कौशलटार, भक्तपुर सम्पर्क नं.-९८४१८३५४५९, Email:seerconsultancy@gmail.com |



## मलेसियामा रोजगार

१. कम्पनी : CYCLEWORLD CORPORATION SDN. BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/२८ चलानी नं.: ६०१८९४३६ LT. No.: 273558

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : HOE HING CHAN SDN BHD शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९४३९ LT. No.: 271577

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : MEGA WINFIELD INDUSTRIES SDN.BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/२८ चलानी नं.: ६०१८९४३८ LT. No.: 273555

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : EUREKA RESOURCES SDN BHD शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/२८ चलानी नं.: ६०१८९४३७ LT. No.: 273557

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी : STYLE FOOD PRODUCTS (SG RAMBAI) SDN BHD शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/२८ चलानी नं.: ६०१८९४६० LT. No.: 273556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ५ गते (22 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LIMCO OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं. ७९२/०६५/०६६

**लिम्को ओभरसिज प्रा. लि.**
**LIMCO OVERSEAS PVT. LTD.**
Koteshwor-35. Kusum Marg, Kathmadu, Nepal, Phone: 01-5199020, 5199526
Email us at: limco.hr@gmail.com, website; www.limco.com.np



**FREE VISA! FREE TICKET ! FREE RECRUITMENT !**

# "ZERO COST"

**SHORT TERM (2 MONTHS EXTENDABLE) EMPLOYMENT OPPORTUNITY IN QATAR !**

**(शून्य लागत अन्तर्गत कतारमा छोटो अवधिका (२ महिना थप्न सकिने) लागि रोजगारीको अवसर)**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !

**रोजगारदाता कम्पनीः अल श्रेया सेक्युरीटि सर्भिसेज (फिफा वर्ल्ड कप ओरकर्स)**
**Employer Company : AL SRAIYA SECURITY SERVICES (FIFA WORLD CUP WORKERS)**

| पूर्व स्वीकृत मितिः २०७९/०६/२८ | चलानी नं: ६०१८९३७४ | एल टि नं : २७३८६७ |
|---|---|---|
| Pre Approval Date: 2022/10/14 | Invoice No.: 60189374 | LT No.: 273867 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | निम्नतम योग्यता Minimun Qualification | मासिक तलब Monthly Salary कतार रियाल QAR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्नेघण्टा Working Hours Per Day | हप्तामा काम गर्नेदिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking English | 2000 | ६९,२४० | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छ Yes | | तिन महिना 3 Months |

**Age should be between 22 to 40 year old. (उमेरको हकमा २२ देखि ४० वर्ष हुनुपर्ने ।)**

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

**AL SRAIYA SECURITY SERVICES (FIFA WORLD CUP WORKERS) does not impose any Recruitment/Placement Fee For this Employment**
(अल श्रेया सेक्युरीटि सर्भिसेज (फिफा वर्ल्ड कप ओरकर्स))ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।)

- **Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.**
  (आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- **We will not discriminate Workers or potential workers in any way.**
  (हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाव गर्ने छैनौं ।)
- **No one is allowed to take or give away gifts or bribes from suppliers and customers.**
  (उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- **We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.**
  (हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our Hotling Number Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो हटलाइनमा सिधा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईंको गोप्नीयता सुनिष्चित राख्ने छौं ।)

**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**
(अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।)

**Final Interview is going to conduct on 22 Oct. 2022 in office premises.**
(फाइनल अन्तर्वार्ता मिति २०७९ कार्तिक ५ गते यस कार्यालय परिसरमा हुनेछ ।)

**We declear that "ROYAL INTERNATIONAL OVERSEAS PVT. LTD." don't have branch and agent.**
(रोयल इन्टरनेशनल ओभरसिज नेपाल प्रा.लि.को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं।)

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनिमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

# सत्य निरुपण र बेपत्ता आयोगको म्याद थप



**काठमाडौं/मस–** सरकारले नेपाली सेनाका व्य.नं १७७५ सहायक रथी विजय थापाको पदावधि २०८० साल असोज १ गतेसम्म थप गर्ने भएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शुक्रबार बसेको मन्त्रिपरिषद्ले गरेका निर्णयबारे जानकारी दिएका हुन्। उनले फिलिपिन्सको मनिलामा आयोजना हुने अडिटसम्बन्धी कार्यक्रममा महालेखा परीक्षक टङ्कमणि शर्मा (दङ्गाल)समेत दुई जनालाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको बताए।

मन्त्रिपरिषद्ले विद्यालय शिक्षा क्षेत्र आयोजना कार्यक्रमका लागि एसियाली विकास बैङ्कबाट प्राप्त हुने २० करोड अमेरिकी डलर ऋण सहायतासम्वन्धी दस्तावेजलाई अन्तिमरूप दिन अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुखको नेतृत्वमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने निर्णय गरेको छ।

सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा-३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी विदेशी लगानीको न्यूनतम सीमाप्रति विदेशी लगानीकर्ता रु दुई करोड तोक्ने र २०७९ साल असोज २८ गतेसम्म पूर्णप्रतिबन्ध लगाइएका विभिन्न चार प्रकारका वस्तुको पैठारीमा लगाइएको बन्देजलाई २०७९ साल मंसिर मसान्तसम्म निरन्तरता दिने निर्णय गरेको छ।

प्रवक्ता कार्कीले भने, 'बूढीगण्डकी जलविद्युत् आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनःस्थापित एकाइको कार्यअवधि समाप्त हुने यही कात्तिक ११ गतेदेखि लागू हुने गरी एक वर्ष थप गर्ने निर्णय गरिएको छ।' बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि २०८० साल असार मसान्तसम्म थप गर्न बाधा अड्काउ फुकाउका लागि आदेश जारी गर्ने मन्त्रिपरिषद्को निर्णय छ।

विभिन्न देशका ३७ जना विदेशी नागरिकले बुझाउनुपर्ने राहदानी दस्तुर, बिलम्ब शुल्क र जरिवानाबापतको रकम मिनाहा गरी तीन महिनाभित्र नेपाल छाड्न प्रस्थान अनुमति दिने र सरकारद्वारा गठित वार्ता टोली र प्राडा गोविन्द केसीबीच यही असोज ८ गते सम्पन्न सहमति-पत्र अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय भएको मन्त्री कार्कीको भनाइ छ।

त्यसैगरी मन्त्रिपरिषद्ले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाई सम्भावित जोखिमबाट हुने क्षति न्यूनीकरण गरी थप जनधनको नोक्सानी हुन नदिनका लागि कर्णाली प्रदेशका जुम्ला, हुम्ला, मुगु र कालिकोट जिल्लाका विपत् प्रभावित स्थानीय तहका भौगोलिक क्षेत्रलाई विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ।

सरकारले कपिलवस्तु जिल्ला साविक बकडरिया-९ (क) स्थित एक बिघा जग्गामा १५ शय्याको अस्पताल भवन निर्माण कार्य ३० (तीस) वर्षका लागि बुद्धभूमि नगरपालिकालाई सःशर्त प्रयोग गर्न स्वीकृति दिने भएको छ।

'नेपाली सेना, सैनिक साधारण सेवाका व्य.नं १८२६ महासेनानी राजेन्द्रप्रसाद सुनुवारलाई अवकाश हुने मितिभन्दा एक महिना अगाािडदेखि लागू हुने गरी सोही सेवाको सहायक रथी दर्जामा विशेष बढुवा गर्ने र औषधिसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अवधारणापत्रमा सैद्धान्तिक स्वीकृति दिने निर्णय भएको भएको छ', मन्त्री कार्कीले भने।

सरकारले नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका व्य.नं ३२०१ प्रमुख सेनानी सुवास खड्कासमेत चार पाइलट प्रमुख सेनानीलाई महासेनानी दर्जामा कार्यवाहक बढुवा गरी पदस्थापना गर्ने भएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीबमोजिम विभिन्न समयमा छपाइ भएका, प्रकाशन नभएका र प्रचलनमा नरहेका रु १४ करोड १६ लाख ६२ हजार ३४३ बराबरका हुलाक टिकट र हुलाक स्टेशनरी मिनाहा गर्ने मन्त्रिपरिषद्को निर्णय छ।

## प्रहरी दिवसको अवसरमा रक्तदान कार्यक्रम

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ असोज

रौतहटमा ६७ औँ प्रहरी दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। जिल्ला सदरमुकाम गौरस्थित समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय रौतहटको प्राङ्गणमा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो। नेपाल रेडक्रस सोसाईटी गौर शाखाको सहकार्यमा भएको कार्यक्रममा रौतहटका प्रहरी प्रमुख एसपी वीर बहादुर बुढा मगरले रक्तदान गर्दै कार्यक्रमलाई अगाडि बढाएका थिए।

यस्तै, नेपाल प्रहरीका २३, नेपाली सेनाका ३ र सर्वसाधारण ३ जना गरी २९ जनाले रक्तदान गरेका छन्। सो अवसरमा नेपाल रेडक्रस सोसाईटी रौतहट शाखाका मन्त्री धर्मेन्द्र कुमार सिंह, उप-कोषाध्यक्ष शेख मैमुदिन, देवेन्द्र यादव लगायतको उपस्थिति रहेको थियो।


## SAUDI मा रोजगार

कम्पनी : ALMHMAL ALSHARGI FOR CARS MAINTENANCE
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९३४७ L.T. No.: 273799

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Body Denter | 1 | 0 | स. काममा दक्ष | 1700 | ६१,३८७ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | vehicle Painter | 1 | 0 | स. काममा दक्ष | 1700 | ६१,३८७ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ५ गते (22 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**होप इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ८५७/०६६/०६७
रानीबारी, लाजिम्पाट, काठमाडौं, नेपाल, पो.ब.नं.: ८५३६
Tel.: 01-4002151, 01-4002139
Email: info@hopeintlnepal.com, admin@hopeintlnepal.com Web.: www.hopeintlnepal.com

## मलेशियामा रोजगारको अवसर

१. कम्पनी : GS PRECISION (MALAYSIA) SDN BHD
शहरः Gelang Patah
पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९४१९ LT. No.: 273324

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : KYMM SENG TRADING (KULIM) SDN BHD
शहरः Park Kulim Lunas
पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९४२० LT. No.: 273325

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : RESTORAN SRI MELUR JAYA ONE (M) SDN BHD
शहरः Subang Jaya
पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८९४२१ LT. No.: 273326

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ५ गते (22 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**प्यासिफिक ओभरसिज कन्सल्ट प्रा. लि.**
श्रम इजाजत नं. २९६/०५८/०५९
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोन: ४७२०२५४, ९८४९६६१२११, ९८५१३२८९८३ ९७४१७४३६३४,
Email: info@pacificoverseas.org, pacificoverseas777@gmail.com, Web : www.pacificoverseas.org

## UAE मा वैदेशिक रोजगार

१. कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST.
शहर : UAE
पूर्व स्वीकृत मितिः २०७९/०५/१७ चलानी नं.: ६०१८६८१४ L.T. No.: 271028 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 18 | सम्बन्धित काममा दक्ष | 900 | ३२,२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Event Planner | 10 | 6 | | 1200 | ४२,९४८ | | | | | | | |
| 3. | Follow Up Clerk | 10 | 15 | | 1200 | ४२,९४८ | | | | | | | |
| 4. | Marketing Specialist | 5 | 25 | | 1200 | ४२,९४८ | | | | | | | |
| 5. | Waiter | 1 | 16 | | 1000 | ३५,७९० | | | | | | | |

२. कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES
शहर : UAE
पूर्व स्वीकृत मितिः २०७९/०४/२२ चलानी नं.: ६०१८४७४४ L.T. No.: 268980 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 28 | 30 | सम्बन्धित काममा दक्ष | 900 | ३२,२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Event Planner | 15 | 15 | | 1200 | ४२,९४८ | | | | | | | |
| 3. | Follow Up Clerk | 15 | 15 | | 1200 | ४२,९४८ | | | | | | | |
| 4. | Manager | 5 | 5 | | 3000 | १,०३,३२० | | | | | | | |
| 5. | Waiter | 22 | 25 | | 1000 | ३५,७९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ५ गते (22 october 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सुभम ओभरसिज इम्प्लोइमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ४९७/०६१/०६२
मित्रनगर, काठमाडौं, नेपाल । फोन: ४२१६००४३
मो.: ९८५१०७३२२०, ९८१३४६२९३८, ९८१८४२५१११, ९८६७८३५६८१, ९८१४४७०३२९

## मलेसियामा रोजगार

कम्पनी: LEN FA MEDICAL SUPPLIES (M) SDN BHD
शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०६/२८ चलानी नं.: ६०१८९४५८ LT. No.: 272015

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: DYNAMIC GUARDFORCE SDN BHD
शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०६/२८ चलानी नं.: ६०१८९४५९ LT. No.: 273564

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: HD TECH SDN BHD
शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०२२/०८/१७ चलानी नं.: ६०१८५६३५ LT. No.: 269280

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ५ गते (22 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**TILICHO OVERSEASE PVT. LTD.**
Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com

## MALAYSIA मा रोजगार

कम्पनी: ADDITIVE PRODUCTS (M) SDN BHD
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९३३० LT. No. 273286

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: GC LOGISTIC SDN BHD
शहर: Selangor
पूर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९३२९ LT. No. 273285

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | STORAGE WORKER | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ५ गते (22 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

